परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ३६ २०८२ चैत २९ आईतवार Sunday, 512 APR 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## वृहत ग्रामथान संस्कृती र सभ्यता विकास समिति बनाएर बजेट विनियोजन गर्ने प्रतिवद्धता

विराटनगर । नव वर्ष २०८३ सालको सिर्वा (जुडसितल) पर्वको सुखद उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधीसभा सदस्य माननीय संतोष राजवंशीले वृहत ग्रामथान सभ्यता विकास समिति बनाएर बजेट छुट्याउने प्रतिवद्धता जनाउनु भएको छ ।



ग्राथान संरक्षण नगर समिति विराटनगरले राम मन्दिर शान्ति चौक विराटनगर-५ को सभाहलमा संस्कृति संरक्षणको लागि ग्रामथान हाम्रो पहिचान नाराका साथ आयोजना गरिएको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै सो कुरा जानकारी गराएको हो ।

ग्रामथान सभ्यता मान्ने यूवाहरु संघिय सरकारमा प्रतिनिधित्व गरेका छ ग्रामथान सभ्यता पनि नेपाली राष्ट्रिय सभ्यता र संस्कृति भएकोले यसको संरक्षण र सम्वर्द्धनका लागि अवाज उठाउने र मोरंग क्षेत्र नं. ४ को समग्र विकासलाई अगाडी बढाई नमुनाको रुपमा लाने वताउनु भएको छ । सेही अवसरमा पारेर माननीय संतोष राजवंशीलाई ग्रामथान संरक्षण नगर समिति विराटनगरले प्रमाणपत्र सहित दासला ओढाएर सम्मान गरेका थिए ।

त्यसैगरी कार्यक्रमका विशिष्ठ अतिथि कोशी प्रदेशका सभा सदस्य माननीय जय प्रकाश चौधरीले भने ग्रामथान यस्तो स्थान हो जहाँ हाम्रा पुर्खाले सुख दु:ख पर्दा, परिवारिक समस्या पर्दा, परिवारमा विहेवारी लगायतका कुनै पनि कार्य गर्दा सबभन्दा पहिले ग्रामथान पुग्छौ तर त्यही स्थान अहिले संरक्षण विहीन छ । यसको संरक्षण र सम्बर्द्धन को लागि हामी ग्रामथानबासी नै अगाडी बढ्नु पर्ने वताउदै ग्रामथान संरक्षणको लागि योजना ल्याएर प्रदेश सरकार वाट पनि संरक्षणको लागि पहल गर्ने र बजेट छुट्याउने प्रतिवद्धता जनाए ।

थारु कल्याणकारीनी सभा विराटनगरका अध्यक्ष तथा पूर्व एसपी विद्यानन्द माझीले सिरुवा पर्व नयाँवर्षको सुरुवात हो । वितेको वर्षमा छर छिमेकी, नातागोता, इष्टमित्रमा भएको मनमोटावलाई विर्सेर एकताको लागि पहिलो दिन पानी सिरुवा, दोस्रो दिन कादो सिरुवा र तेस्रो दिन रंग सिरुवा खेल्ने र मिठा परिकारहरु खाने र ग्रामथानमा लाग्ने मेलाहरु घुम्ने परम्परा रहेको छ । त्यसको संरक्षण हुन नसकेर लोप हुन लागेको छ । त्यसैले सिरुवा पर्वसंग जोडिएर रहेको ग्रामथानलाई संरक्षण र संम्वर्द्धन गर्न स्थानीय, प्रदेश र संघिय

बांकी अन्तिम पेजमा...

## टोलबासीद्धारा जेष्ठ नागरिक पार्क सरसफाई

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. ८ प्रगती विनायक टोलमा रहेको भगवान शिव पुत्र विघ्न विनाशक, लम्बोदर भगवान गणेश मन्दिरको छेउमा रहेको जेष्ठ नागरिक पार्कलाई गणेश मन्दिर व्यवस्थापन समितिका पदाधिकारी, सदस्य लगायत टोलवासीले सरसफाई गरेका छन् ।



पार्क भित्र लगाईको रुख, विरुवाहरु झागिएर अव्यवस्थित जस्तो देखिएकोले टोलबासी मिलेर रुखको हाँगा विगा छाट्ने, जंगल झारहरु उखेलेर सरसफाई गर्नुका साथै मन्दिरको पनि चारै तिर सरसफाई गरेका छन् । सरसफाइ भई सकेकाले अव टोलबासीले विहान वेलुकी पार्कमा गएर व्यायाम गर्नुका साथै हिलडोल गर्ने सकिने, बसेर थकान मार्न गणेश मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र कुमार थापाले वताए ।

चारैतिर कम्पाउण्डवाल लगाएको पार्क भित्र विराटनगर वडा नं. ८ का अध्यक्ष राम पोखरेलको सक्रियतामा चारैतिर घुम्न टाइन्स लगाएको छ भने व्यायामको लागि विभिन्न खाले मेशीनहरु जडान गरिएको छ । अझै पार्क भित्र चौतारा बनाउने, सौन्दरीकरणको लागि फुल विरुवा लगाउने, मन्दिरको वरपर सौन्दरीकरणको लागि लाईटहरु लगाउने अध्यक्ष पोखरेले प्रतिवद्धता जनाउनु भएकोछ ।

उक्त सरसफाई कार्यक्रममा टोलका बुद्धिजीवी, शिक्षक, डाक्टर, इन्जिनियर, पत्रकार जेष्ठ नागरिक लगायतका सहभागिता रहेको थियो ।

## सूचना प्रकाशन तथा प्रसारण गर्ने निर्णय प्रति पत्रकारहरूको असन्तष्टी



विराटनगर । बालेन शाहको नेतृत्वमा बनेको सरकारले सरकारी कार्यालयलहरुको विज्ञापन सूचना सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय प्रति असन्तुष्टी प्रकट गर्दै सो कार्य प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी कार्य भएको मोरङका पत्रकारहरुले जनाएका छन् ।

निजी सञ्चार माध्यमलाई डर देखाउन तथा नियन्त्रण गर्ने उद्देश्यले सरकारले सरकारी सूचना निजी सञ्चार माध्यममा रोकेको उनीहरुको भनाई छ । सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन तथा प्रसारण गर्ने सरकारको निर्णय फिर्ता लिन माग गर्दै नेपाल पत्रकार महासंघ मोरङ शाखाले आयोजना गरेको छलफल कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कमल रिमालले निजी सञ्चार माध्यमलाई नियन्त्रण गर्ने मनसायले सरकार अघि बढेको वताए ।

पत्रकार महासंघको पहिलो चरणको दवाव मुलक कार्यक्रम अन्तरगत अहिले विभिन्न पक्षहरुसँग छलफल, अन्तर क्रिया गरिएको भन्दै सरकारले निर्णय फिर्ता नलिए केन्द्रीय समिति बैठकले दोश्रो चरणको कार्यक्रम अन्तरगत सडक आन्दोलन तय गर्ने वहाँको भनाई थियो । उहाँले सडक आन्दोलनका लागि तयारी अवस्थामा रहन आग्रह समेत गर्दै नेपाल पत्रकार महासंघ मोरङका पूर्व अध्यक्ष तथा उद्घोष दैनिकका सम्पादक मोहन भण्डारीले सरकारले संघीयता का भावना विपरित काम गरेको वताए । उहाँले भन्नुभयो,' राज्यले सञ्चार माध्यम चलाउने होइन ।'

पूर्व अध्यक्ष बन्धु पोखरेलले

वांकी अन्तिम पेजमा...

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

**सवारी दर्ता प्रमाण पत्र (ब्लु बुक) हराएमा त्यसको प्रतिलिपि निकाल्न आवश्यक कागजात तथा प्रक्रिया सम्वन्धी सूचना**

यदि सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक)को फोटोकपीमा सवारीको विस्तृत विवरण र सवारीधनीको नाम स्पष्ट विवरण खुलेमा;

- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुई प्रति हालसालै खिचिएको फोटो, सवारी दर्ता प्रमाण पत्रको फोटोकपी, सवारी साधनको इन्जिन नम्वर र चेसिस नम्वर देखिने गरीको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरीको फोटो ।
- ट्राफिक प्रहरीको सिफारिस, स्थानीय तहको सिफारिस, अघिल्लो वर्ष बीमा गरेको भएमा सोको फोटोकपी ।
- ऋणिको हकमा सम्वन्धित बैंक तथा वित्तीय संस्थाको सिफारिस पत्र ।
- सवारी साधनको आधिकारिक बिक्रेताले जारी गरेको भ्याट बीलको फोटोकपी र भन्सार प्रज्ञान पत्रको विवरण वा सवारी साधनको अभिलेखीकरणको लागि स्व: घोषण गरिएको पत्र ।
- सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपिको लागि दरखास्त सहित कार्यालय प्रमुख समक्ष निवेदन।

यदि सवारी दर्ता प्रमाण पत्र (ब्लुबुक) को फोटोकपी समेत नभएको वा फोटोकपीमा सवै विवरण नभएको वा नवुझिने अवस्थाको भएमा:

- सेवाग्राहीले नागरिकताको फोटोकपी, दुईप्रति हालसालै खिचिएको फोटो, सवारी साधनको इन्जिन नम्वर र चेसिस नम्वर देखिने गरिको फोटो, सवारी साधनको पूर्ण भाग देखिने गरिको फोटो।
- ट्राफिक प्रहरीको सिफारिस, स्थानीय तहको सर्जमिन मुचुल्का सहितको सिफारिस, अघिल्लो वर्ष बीमा गरेको भएमा सोको फोटोकपी वा सवारी साधनको आधिकारिक बिक्रेताले जारी गरेको भ्याट बीलको फोटोकपी र भन्सार प्रज्ञान पत्रको विवरण ।
- सवारी साधनको अभिलेखीकरणको लागि स्व: घोषण गरिएको पत्र।
- सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपिको लागि दरखास्त सहित कार्यालय प्रमुख समक्ष अनिवार्य निवेदन ।

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## वृहत...

सरकार कानुन वनाएर संरक्षण गर्नुपर्ने धारण राख्नुभयो ।

जुडसीतल पर्वमा एकता र मित्रताको प्रतीक साथै सम्बन्धलाई मजबुत बनाउने पर्वको रुपमा चिनिन्छ । सिरुवा पर्वमा घरको देवी देवता लगतय ग्रामथानमा गई विभिन्न प्रकारका फूल, फल, मिठाइ प्रसाद र हाँस, बोका, लगायतको बलि समेत पूजापाठ गरिन्छ ।

उक्त शुभकामना आदान प्रदान कार्यक्रममा ग्राथान संरक्षण समिति बुढीगंगा गाउँपालिका अध्यक्ष जयदेव माझी, जहदा गाउँपालिका अध्यक्ष सेवक नारायण राजवंशी, विराट राजवंशी संस्कृतिक पुस्तकालयका अध्यक्ष कुशेश्वर राजवंशी, ग्राथान संरक्षण नगर समितिका प्रेस सल्लाहकार राजेश कुमार राजवंशी लगायतले शुभकामना मन्तव्य राखेक थिए ।

सोही अवसरमा ग्रामथान संरक्षणमा लागेका आधा दर्जन यूवाहरुलाई सम्मान गर्दै ग्राथान संरक्षण नगर समिति विराटनगरका अध्यक्ष तिलक राज राजवंशीले कार्यक्रम सम्पन्न गर्नुभएको थियो ।

## सूचना प्रकाशन...

सरकारको निर्णयले सञ्चार उद्योगहरु संकटको अवस्थामा पुगेको वताउँदै यसअघि निजी क्षेत्रमा विज्ञापन गएपनि पत्रकारको वर्ग उत्थान नभएको वताए । पूर्व अध्यक्ष दीपक दाहालले निजी सञ्चार माध्यमलाई खुम्च्याउने सरकारको पहिलो प्रयास भएको वताउँदै सरकारले आगामी दिनमा समाचार रोक्ने, पत्रकारलाइ धरपकड गर्ने कार्य हुन सक्ने तर्फ सचेत हुनुपर्ने विचार राखेका थिए ।

नेपाल पत्रकार महासंघ कोशी प्रदेशका पूर्वअध्यक्ष लीलाबल्लभ घिमिरेले पत्रकार सुरक्षाका लागि नेपाल पत्रकार महासंघ अघि नबढे पत्रकार आफै अघि बढ्नुपर्ने वताए । नेपाल पत्रकार महासंघ कोशी प्रदेशका पूर्व महासचिव तथा हाम्रोमत दैनिकका सम्पादक विवेक गौतमले महासंघले आन्दोलनका कार्यक्रम अघि बढाउँदा सञ्चार माध्यमको सवलिकरणको विषयमा पनि सोच्न आवश्यक रहेको भन्दै उहाँले समग्र मिडियाको पुर्नसंरचना गर्ने किसिमले महासंघ अघि बढ्नुपर्ने सुझाव दिए । प्रेस युनियन कोशी प्रदेशका अध्यक्ष मीनकुमार नबोदितले सरकारको निर्णयको मोफसलले खवरदारी मात्रै गर्ने भएकाले केन्द्रीय समितिले तार्किक निश्कर्षमा पुर्याउनु पर्ने भन्दै सरकारले सरकारी सूचनाहरु सिधै निजी सञ्चारमाध्यमा पुग्ने गरिको व्यवस्था गर्नुपर्ने उहाँको सुझाव छ ।

प्रेस सेन्टर कोशी प्रदेशका महासचिव गोकुल पराजुलीले समानुपातिक विज्ञापन वितरण कानुनमै उल्लेख भएकाले महासंघ कानुनी उपचारमा जानुपर्ने वताए । प्रेस युनियन मोरङका अध्यक्ष वेदराज पौडेलले सरकारले निजी सञ्चार माध्यमलाई आतंकित पार्ने काम गरेको वताए । बजार खुम्चिएका कारण पत्रकारको रोजगारीमा समेत असर परेको उहाँको भनाई छ । पत्रकार महाप्रसाद खतिवडाले सरकारको निर्णयले मुलकलाई अधिनायकवाद तर्फ डोर्याउने भएकाले आन्दोलनको विकल्प नभएको वताउँदै विज्ञापन क्षेत्रको विकृति र विसंगतीहरु हटाउने उपाय अरु नै खोज्न सरकारलाई सुझाव दिएका थिए ।

मधेशी पत्रकार समाजका अध्यक्ष श्याम सुन्दर सुतिहारले केही व्यत्ति विशेष र मिडिया विशेष मोटाउने गरी विज्ञापनमा चलखेल बढेको, विज्ञापनमा कर्मचरी तन्त्र हावी भएको कमिसनमा विज्ञापन गर्ने भएकोले त्यस्ता विकृतीहरुलाई हटाउन समानुपाति विज्ञापन प्रणाली लागु गर्ने गरी सबै संचारमाध्यमहरु एक जुट भई सरकारले गरेको निर्णय सच्याउन आन्दोलनको विकल्प नरहेको वताए ।

नेपाल पत्रकार महासंघ मोरङ अध्यक्ष सुशीला पाठकले सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन तथा प्रसारण गर्ने निर्णय विरुद्ध महासंघले अगामी दिनमा गरिने दवाव मुलक कार्यक्रम तय गरिने बताउनुभयो । छलफल कार्यक्रममा प्रेस चौतारी कोशी प्रदेशका महासचिव बाबुराम भण्डारी, ब्रोडकास्टिङ एशोसिएसन नेपाल (बान) केन्द्रीय सदस्य बाबुराम निरौला, पत्रकार महासंघ मोरङका सचिव नेत्र पी अधिकारी, जनहित साप्ताहिकका सम्पादक सत्यनारायण शर्मा, दर्शन दैनिकका सुभाष कार्की, पत्रकार सोनुकुमार दास लगायतले बोल्नु भएको थियो ।

## स्तरोन्नति...

गरिएको थियो ।

हाल ईन्स्योर/हेल्भेटससँगको सहकार्यमा सम्पन्न सो तालिमले उद्योग, होटल तथा अस्पताल क्षेत्रमाकार्यरत इलेक्ट्रिसियनहरुको दक्षताअभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै उद्योग/व्यवसाय क्षेत्रको आवश्यकता अनुरुप आगामी दिनहरुमा पनि थप मागमुखी तालिमहरु सञ्चालन गरिने भएकोछ ।

साथै, तालिमका प्रशिक्षार्थी हरुले तालिम अत्यन्त प्रभाव कारी र उपयोगी रहेको प्रतिक्रिया व्यक्तगर्दै त्यसबाट आफ्ना प्राविधिक सीपमा उल्लेखनीय सुधार आएको बताएका थिए । साथै, प्रविधिको तीव्र विकाससँगै समयानुकूल थप उन्नत तालिमहरुको आवश्यकता रहेको उल्लेख गर्दै त्यस्ता तालिमहरु निरन्तर सञ्चालन गर्न आयोजक समक्ष अनुरोध समेत गरेका थिए ।

कुल ९६ घण्टे सो तालिममा विभिन्न उद्योग, होटल तथा अस्पतालमा कार्यरत २० जना इलेक्ट्रिसियनहरुको सहभागिता रहेको थियो । सो तालिम मोरङ उद्योगव्यापार संघका वरिष्ठ उपाध्यक्ष अनिल कुमार साहको सभापतित्वमा सम्पन्न भएकोथियो।




विराट गोल्डकपको पहिलो दिन झापा-११ ले नेपाल आर्मी विरुद्ध २-१ गदै विजय भएको छ ।


# क्षयरोगबाट बचौं र बचाऔं ।

- खोख्दा र हाछ्यू गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने वानी बसालौं,
- दुई हप्ता भन्दा बढी खोखी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निशुल्क परिक्षण र उपचार सेवा प्राप्त गरौ,
- नियमित औषधी सेवनले क्षयरो निको हुन्छ, चिकित्सकको सल्लाह अनुसार औषधी सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहदा सर्तक बनौं,
- विरामीलाई विभेद नगरौ,साथ र सहयोग दिऔं,
- क्षयरोग लागेका विमीलाइ पोषण युक्त खाना र सरसफाईमा ध्यान दिऔ,

"क्षयरोग निको हुन्छ" भन्ने संदेश फैलाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## सम्पुर्ण खाद्य उद्योगी व्यवसायीहरुमा अनुरोध

उपरोक्त विषयमा, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा प्रदान गरिने खाद्य उद्योग दर्ता सिफारिस एवं अनुमति पत्र जारी तथा नवीकरण सम्बन्धी सेवालाई थप सरल, सहज र प्रविधिमैत्री बनाउने उद्देश्यले अनलाइन प्रणाली (Online System) कार्यान्वयनमा ल्याइएको छ ।

अत: सम्बन्धित सबै सरोकारवालाहरूले उद्योग दर्ता सिफारिस एवं अनुमति पत्र जारी तथा नवीकरण सम्बन्धी सम्पूर्ण प्रक्रिया अनलाइन माध्यमबाटै अगाडि बढाउनुहुन अनुरोध छ । माथि उल्लेखित सेवाका लागि विभागको पोर्टल

www.neffils.dftqc.gov.np

मार्फत आवेदन दिन सकिने व्यहोरा जानकारी गराइन्छ ।

यस सम्बन्धी आवश्यक प्रक्रियाका लागि उक्त पोर्टलको "User Guide" सेक्सन हेर्न वा थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

०२१-४७४८२८

ftqcobrt@gmail.com, rftqcobrt@gmail.com

अनुरोधक
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
विराटनगर

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कम बोल्ने, बढी काम गर्ने प्रधानमन्त्री

देशमा जेनजी आन्दोलको बलमा बनेको शुशीला कार्की नेत्तृवको सरकारले फागनु २१ गते गराएको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाई  नजीकको सिट जितेर प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा मन्त्री परिषद गठन भएको छ । वर्तमान राजनीतिक परिवेशलाई नियाल्दा नागरिकहरूमा बढ्दो निराशा, अविश्वास र थकान स्पष्ट देखिन्छ । धेरै बोल्ने तर कम काम गर्ने नेताहरूका कारण जनताको अपेक्षा बारम्बार अधुरो रहँदै आएको छ । यस्तो अवस्थामा “कम बोल्ने, काम बढी गर्ने प्रधानमन्त्री” पाएकोमा आम नेपाली जनता खुशी भएका छन् ।

प्रधानमन्त्री बालेन शाहले चुनावी भाषणमा पनि जम्मा २७ मिनेट बोलेका थिए । त्यही २७ मिनेटको वोलिले दुई तिहाई नजिकको सिट जित्न सफल भएका छन् । सोही अनुरुप प्रधानमन्त्री वनी सक्दा पनि धेरै कम वोले बढी काम गरि रहेका छन् । प्रधानमन्त्री पद कुनै भाषण गर्ने मञ्च मात्र होइन, यो जिम्मेवारी र परिणाम देखाउने पद हो । जनताले अब भाषण होइन, विकासका ठोस आधारहरू खोजिरहेका छन् । सडक, शिक्षा, स्वास्थ्य, रोजगारी र सुशासनको क्षेत्रमा ठोस उपलब्धि देखाउन सक्ने नेतृत्व नै साँचो अर्थमा सफल मानिन्छ । त्यसैले कम बोलेर बढी काम गर्ने प्रधानमन्त्री शाह प्रति जनताको अपेक्षा बढेको छ ।

प्रधानमन्त्रीको अर्को महत्वपूर्ण विशेषता भनेको निर्णय क्षमता हो । अनावश्यक विवाद र आलोचनामा नअल्झी, समयमै सही निर्णय लिन सक्ने नेतृत्वले मात्र देशलाई अगाडि बढाउन सक्छ । साथै, यस्तो नेतृत्वले आफ्नो कार्यशैलीमार्फत अरू मन्त्री र कर्मचारीलाई पनि जिम्मेवार बनाउँछ यी सवै गुण  अहिलेको प्रधानमन्त्री बालेन शाहमा रहेको छ । “कम बोल्ने, काम बढी गर्ने प्रधानमन्त्री” केवल नारा होइन, यो आजको आवश्यकता हो । यस्तै नेतृत्वले मात्र जनताको विश्वास जित्न सक्छ र देशलाई समृद्धि र सुशासनतर्फ डोर्याउन सक्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# स्वार्थको द्वन्द्व र नयाँ सरकार

**रमेश अधिकारी**

नेपालको लोकतान्त्रिक अभ्यास मा पछिल्लो समय स्वार्थको द्वन्द्वले विधिको शासनर नैतिकताको जग पटक पटक हल्लाएको छ। सार्वजनिक पदमा बसेको व्यक्तिको व्यक्तिगत लाभ, नातागोता वा व्यावसायिक स्वार्थर उसले निर्वाह गर्नुपर्ने सार्वजनिक कर्तव्यबीच टक्कर पर्छ, तब स्वार्थको द्वन्द्व जन्मिन्छ ।

विडम्बना, नेपालमा यसलाई अपराध नभई अवसरर चातुर्यका रूपमा व्याख्या गर्न थालिएको छ ।

म मेरो निवर्तमान प्रधान मन्त्री सुशीला कार्कीको प्रशंसक हुँ। उहाँको अर्जुन दृष्टिले स्वच्छ, स्वतन्त्र, निष्पक्षर भयमुक्त निर्वाचन समयमै सम्पन्न गरेको उहाँको योगदान बिर्सिन सकिँदैन। सम्भवत : जोसँग बढी भर गरिन्छ, त्यसैबाट बढी अपेक्षा हुनु नाजायज होइन ।

चाहेर नचाहेर, जानेर नजानेर, उहाँको कार्यकालमा तीन वटा घटना भए, जसले हाम्रोराज्य सञ्चालनमा स्वार्थको द्वन्द्व कसरी स्थापित हुँदै गएको छ भन्ने छर्लंग पार्छ। आज मेरो चर्चाको विषय यही हुनेछ ।

केस १: डिम्ब तस्करीको चुरो

राज्यको प्रमुख कानुनी सल्लाहकारर मुद्दा चलाउने वा नचलाउने अन्तिम अधिकारराख्ने तत्कालीन महान्यायाधिवक्तार होप फर्टिलिटी सेन्टरमा उनको आफ्नै लगानी हुनु, सञ्चालक समितिमा आफ्नै सानिमाकी छोरी हुनुर आफ्नै एकाघरकी छोरी त्यहीँ कार्यरत हुनुले स्वार्थको द्वन्द्व देखियो ।

कुरा के थियो भने, त्यही केन्द्रसँग जोडिएको डिम्ब तस्करीजस्तो जघन्य मुद्दामा महान्यायाधिवक्ताको कार्यालयले ’मुद्दा नचल्ने’ निर्णय गर्‍यो। पदको गरिमार कानुनी नैतिकताको उल्लंघन सम्बन्धी चर्चा-परिचर्चा देशव्यापी रूपमा भयो ।

केस २ : प्रधानमन्त्रीको सचिवालयर लाभको पद

प्रक्रियागतर कानुनी रूपमा प्रधानमन्त्री सुशीला कार्कीले प्रमुख स्वकीय सचिवलाईराष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा मनोनीत गर्ने विधिमा प्रश्न गर्ने ठाउँ कतै नहोला। तर यो पनि स्वार्थको द्वन्द्वको उदाहरण पक्कै हो ।

अझ, प्रमुख स्वकीय सचिवले पदीय पहुँच प्रयोग गरेर आफ्नी श्रीमतीलाई समेत जागिरमा भर्ना गरेको विषय बाहिर आउनुले सार्वजनिक रूपमा कार्यकारी प्रमुखलाई प्रशस्त प्रश्नहरू नआउने कुरै भएन ।

केस ३ : कामचलाउ सरकारको ’जाँदाजाँदैको उपहार’

समयमै तुलनात्मक रूपले गुणस्तरीय निर्वाचन सम्पन्न गर्ने जस प्रधानमन्त्रीपछि कसैलाई जान्छ भने पूर्वगृहमन्त्रीलाई जान्छ। किनभने गृह मन्त्रालय शान्ति-सुरक्षा कायम गर्ने तालुक मन्त्रालय मात्र नभई निर्वाचन आयोगको सम्पर्क मन्त्रालय पनि हो ।

तर मन्त्रिपरिषद बैठकमा आफै सहभागी भएर आफ्नै नामराष्ट्रियसभा सदस्यका लागि सिफारिस गर्नुले एकै पटक जतातत्तैबाट प्रश्नहरू तेर्सिए ।

उहाँराष्ट्रियसभाको सदस्यका लागि अब्बल मानिनुहुन्छ । मलाई लाग्छ, नीति-नियममा दखल राख्ने उहाँका लागि उक्त पद उपयुक्त पनि हो । तर प्रश्न क्षमताको भन्दा पनि नियतर प्रक्रियाको हो । शासन सञ्चालनमा उचित प्रक्रियाले मात्र अपेक्षित नतिजा प्राप्त गर्छ। हाल उक्त निर्णयराष्ट्रपतिकोमा होल्ड छ ।

माथिका ताजा उदाहरणपछि स्वार्थको द्वन्द्वको बुझाइमा जाऔं ।

स्वार्थको द्वन्द्व भनेको के हो ?

स्वार्थको द्वन्द्व भनेको पैसाको लेनदेन मात्र होइन। यो एउटा यस्तो अवस्था हो, जहाँ सार्वजनिक पदाधिकारीको निर्णय प्रक्रियामा उसको निजी हितले प्रभाव पार्ने अवस्था हुन्छ । यसका मुख्य तीन स्वरूप हुन्छन् ।

पहिलो, प्रत्यक्ष स्वार्थ, जहाँ निर्णयकर्ताले आफू वा आफ्नो परिवारलाई आर्थिक लाभ पुग्ने गरी निर्णय गर्छ ।

दोस्रो, अप्रत्यक्ष स्वार्थ, जहाँ आफ्नो व्यावसायिक साझेदार, पुराना मित्र वाराजनीतिक दललाई फाइदा पुग्ने गरी सार्वजनिक स्रोतको बाँडफाँट गरिन्छ ।

तेस्रो, भविष्यको स्वार्थ, जसमा पदमारहँदा कुनै कम्पनी वा संस्थालाई फाइदा पुग्ने निर्णय गर्नेर अवकाशपछि त्यहीँ जागिर खाने वा परामर्शदाताको रूपमा काम गर्ने गरिन्छ ।

नेपालको सन्दर्भमा यी तीनै स्वरूपहरू संस्थागत भइसकेका मात्रै नभई छ्यापछ्याप्ती भेटिन्छन् । ’स्वार्थको द्वन्द्व’ व्यवहारमा स्वार्थको मिलनमा परिणत हुन्छ । विगतमा नीति बनाउने ठाउँमै स्वार्थ जोडिएका मानिसहरू पुगेका थुप्रै उदाहरण छन् ।

निजी विद्यालयर अस्पताल सञ्चालकहरू नै संसदीय समितिमा बसेर शिक्षार स्वास्थ्य विधेयकको मस्यौदा तयार गर्ने देखि ठूला ठेकदारहरू नै भौतिक पूर्वाधार मन्त्री वा विकास समितिका सभापति बसेका कुरा बिर्सन खोजे पनि बिर्सिँदैन ।

रमाइलो कुरा त जब बैंकका अध्यक्ष वा सञ्चालकहरू नै अर्थतन्त्रको नीति निर्माणमा हाबी हुन्छन्, तब सर्वसाधारणको निक्षेपभन्दा व्यापारीको ऋण सुरक्षित हुने नीति बन्छन्। त्यसबाट पनि हामी अछुतो छैनौं ।

स्वार्थको द्वन्द्वर सुशासन

स्वार्थको द्वन्द्व कुनै व्यक्ति वा संस्थाले आफ्नो फाइदाका लागि गरिने गलत प्रभाव मात्र होइन। यो सुशासनभित्र दीर्घरोगका रूपमारहेको नीतिगत समस्या हो ।

यसमा न्याय मर्दै जानेर पहुँच वालाको शासनमा हालीमुहाली हुँदै जान्छ। मैले उल्लेख गरेको केस १ मा न्याय निरूपण गर्ने वा मुद्दा चलाउने अन्तिम अधिकारीको निजी व्यापारिक स्वार्थ जोडिएपछि कानुनीराज्यमा प्रश्न उठेका थिए ।

विधिको शासन भनेको सुशासन को सबैभन्दा बलियो खम्बा हो। जब विधिको शासनको अन्त्य हुन्छ, तब सत्तामा हुनेलाई एउटा कानुनर सर्वसाधारणका लागि अर्को कानुन बन्न पुग्छ ।

स्वार्थको द्वन्द्वले संस्थागत क्षयीकरण भई ’मेरिटोक्रेसी’ समाप्त हुन्छ। नजिककार आफन्तलाई लाभ प्राप्त गर्ने पद वा पुरस्कार दिँदा योग्य व्यक्तिहरूको कदर मात्र नहुने होइन, संस्थाको व्यावसायिकता समाप्त हुन्छ । जब योग्यर क्षमतावान मान्छेहरू पाखा लागेपछि स्वाभाविकै कर्मचारीको मनोबल घट्छ ।

स्वार्थको द्वन्द्वले गर्ने सबभन्दा ठूलो अपराध भनेको ’नीतिगत भ्रष्टाचार’ हो । यसले व्यक्तिगत लाभका लागिराज्यको ढुकुटीमा सिधै धावा बोल्छ ।

स्वार्थको द्वन्द्वले जबाफदेहिता र पारदर्शितामा मात्र प्रहार नगरी स्वार्थको द्वन्द्वमा फसेको नेतृत्वले गर्दा देशको छवि अन्तर्राष्ट्रिय मञ्चमा ’भ्रष्ट’राष्ट्रका रूपमा चित्रित हुन्छ, जसले वैदेशिक लगानीर सहायतामा समेत नकारात्मक असर पार्छ ।

पदबाट बाहिरिएपछिको द्वन्द्व

राज्यका सचिव वा विशिष्ट श्रेणीका अधिकारीहरू अवकाश भएको भोलिपल्टै आफूले पदमारहँदा नियमन गरेको वा फाइदा पुर्‍याएको आइएनजिओ, कन्सल्टेन्सी वा व्यापारिक घरानाको ’प्रमुख सल्लाहकार’ भएर जानु नेपालमा कर्मचारी तन्त्रभित्र अर्को ठूलो समस्याका रूपमा देखिएको छ ।

यस्तो प्रवृत्तिले दुइटा जोखिम निम्त्याउन सक्छ ।

पहिलो,राज्यका संवेदनशीलर गोप्य सूचनाहरू निजी स्वार्थका लागि प्रयोग गर्न सकिने सम्भावनारहन्छ ।

दोस्रो, पद उत्तरार्द्धमारहँदा नै भविष्यको जागिर सुरक्षित गर्न कुनै निश्चित कम्पनीलाई फाइदा पुग्ने गरी नीति बनाउने खतरा त्यत्तिकै छ ।

अन्तर्राष्ट्रिय अभ्यासमा अवकाश पाएको २ देखि ५ वर्षसम्म सम्बन्धित क्षेत्रमा काम गर्न नपाउने गरी यसलाईरोक्न ’कुलिङ अफ पिरियड’ को व्यवस्थारहेको देखिन्छ ।

संघीय निजामती सेवा सम्बन्धी विधेयकमा ’कुलिङ अफ पिरियड’राख्दा उक्त प्रावधानलाई निष्प्रभावी बनाउन भएको छलछ्यामलाई तत्कालीन सरकार को नेतृत्व गरिरहेको दलले समेत

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# मोरङको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका ग्रामथानको परिचय

श्याम सुन्दर सुतिहार

**३. भलुवा राजा ग्रामथान लखन्तरी**



धनपालथान गाउँपालिका-४, लखनतरी गाउँको बस्तीको बीच भागमा अवस्थित भलुवा राजा ग्रामथान एक पुरानो धार्मिक स्थल हो। स्थानीय जनश्रुति अनुसार, यहाँ दुई सय वर्षअघिदेखि पूजाअर्चना हुँदै आएको छ । प्रत्येक वर्ष वैशाख ६ गते यस थानमा विशेष पूजा र मेला महोत्सव आयोजना गरिन्छ ।

स्थानीय ६० वर्षीय परशुराम मण्डलका अनुसार, दयावती मण्डल नाम गरेकी एक दाताले दान गरेको ६ धुर जग्गामा यो ग्रामथान स्थापना भएको छ । यहाँ निम्न देवी-देवताहरूको पूजा गरिन्छ । भलुवा राजा, राजा धनपाल, वागेश्वरी माता, नाग-नागिन, काजरमाजर, डिहडिहवारनी, काँढी, धामी-धमियान, बाध-बधुवाईन, रनकाली माता, भखारी, चौकीदार, हनुमान, घाटु-भाटु, भाट-भटेनी आदि ।

यस थानमा २० वर्षअघिसम्म बोका, पाठी, परेवाको बली र हाँसको अण्डा, फलफूल, लड्डु, खिर आदि चढाएर पूजा गरिन्थ्यो। अहिले भने वैष्णवी ( प्रणामी) पूजाप्रथा अपनाइएको छ ।

ग्रामथानका पूजारी विजय मण्डल (गनगाई)का अनुसार, उनका बाजे भोला मण्डल र बुबा टेट्नु मण्डलको पालामा बलिसहित पूजा गरिन्थ्यो। तर विजय मण्डल त्रिशक्ति मार्ग (प्रणामी परम्परा)मा लागेसँगै, पछिल्लो २० वर्षदेखि अहिंसात्मक पूजाअर्चना सुरु गरिएको हो ।

अहिले लखनतरीबासीहरूले सामूहिक रूपमा चन्दा (भेर) संकलन गरी, पूजा र मेला महोत्सवको आयोजना गर्दै आएका छन् ।

ग्रामथानमापूजा गर्नुअघि थानभित्र गोबर र रातो माटोले लिपपोत गरिन्छ । त्यसपछि चामलको अक्षता, तुलसीको पात, फूल, चुनरी, फलफूल, लड्डु, खिर, धूप, दीपबत्ती, पान-सुपारी एउटा केराको पातमा राखेर थानमा चढाइन्छ। त्यही समयमा बाहिरी थानमा कमला, हनुमान, धामी, धमियाइन, बाधबधुवाइन आदिको पूजा गरिन्छ । मुख्य थानभित्र भलुवा राजा, राजा धनपाल, वागेश्वरी माता, नागनागिन, काजरमाजर लगायतको पूजा गरिन्छ ।

ग्रामथानको वर्तमान अवस्था लाई हेर्दा पहिले रुखको छायाँमा बाँसको खम्बा र परालको छानो बनाएर पूजा गरिन्थ्यो। अहिले भने ईँटा, गिटी, सिमेन्ट प्रयोग गरेर पक्की घर निर्माण गरिएको छ, घेराबारा र पस्ने गेट पनि बनाइएको छ। तर पनि थान क्षेत्रमा अझै पनि बिजुली बत्ती, खानेपानी, शौचालय जस्ता आधारभूत संरचना र सुविधाको अभाव रहेको देखिन्छ ।

वैशाख ६ गते, भलुवा राजा ग्रामथानमा विशेष पूजा र मेला महोत्सव मनाइन्छ । यसमा मण्डल, गनगाई, केवट (मण्डल), मुसहर लगायतका हिन्दू धर्मावलम्बी जातजातिहरू सम्मिलित भई पूजाअर्चनामा सहभागी हुन्छन्। यसबाट स्थानीय समुदायबीचको भातृत्व विकास गर्न र समाजलाई एकताबद्ध बनाइराख्न यस थानको भूमिका रहेको छ ।

**४. ग्रामथान हरकपुर**



धनपालथान गाउँपालिका वडा नं. ४ हरकपुर टोलको पश्चिम जाने बाटोबाट दक्षिण र दक्षिण जाने बाटोको पश्चिममा बीच खेतमा ग्रामथान हरकपुर रहेको छ ।

ग्रामथानमा ईंटाको पर्खालमाथि टिनको छाना भएको पश्चिम मुख फर्केको एक कोठा, दक्षिण मुख फर्केको तीन कोठा र पूर्व मुख फर्केको एउटा सानो घर रहेको छ । दक्षिण छेउमा बाँसको कर्चीको झुपडीसमेत रहेको छ ।

उक्तग्रामथानपाँच वर्ष पहिले वडा नं. ७ बैरियाबाट ल्याई स्थापना गरिएको स्थानीय नारायण मण्डलले बताए ।

स्थानीय अशोक मण्डलले ग्रामथानमा पूजापाठ गर्दछन् । ग्रामथानको पूजामा लाग्ने सम्पूर्ण खर्च धनिकलाल मण्डलले नै बेहोर्दै आएका छन् ।

उक्त ग्रामथानमा गनगाईंहरूका साथै सबै गाउँलेहरूले पूजापाठ गर्दै आएका छन् । ग्रामथानमा पूजा गर्नका लागि पाठापाठी एकजोडी, ठठेलका घोडा, मिठाई, खिर, हलुवा लगायत सामग्री प्रयोग गरिन्छ ।

**५. भलुवा राजा ग्रामथान कर्सिया हटिया**



धनपालथान गाउँपालिका वडा नं. ४ कर्सिया हटियाको बीचमा रहेको छ । प्रत्येक वर्ष बैशाख ५ गते भव्य रुपमा पूजापाठ गरी मेला समेत लाग्ने गरेका छन् ।

ग्रामथानमा ईंटको पर्खाल र टिनको छाना भएको पश्चिम मुख फर्केको एउटा घरमा राजा धनपाल, पश्चिम फर्केका तीनवटा घरमा वागेश्वरी, धामी धमियन, सरियल धामी, विसहरी र पूर्वमुख फर्केको घरमा माता रणकालीका पूजा हुने गरेको छ, स्थानीय ८२ वर्षीय नेमुलाल राजबंशीले बताए ।

ग्रामथानको करिब ५ धुर सरकारी जग्गामा ईंटाको घेराबेरा लगाई गेट निर्माणाधीन अवस्थमा रहेको छ । राजबंशीका अनुसार सुरुमा बाँस, कर्ची, सन्ठी र परालको छत्ती हाली पूजापाठ गर्दै आएको थियो । त्यसपछि सखुवाका खम्बा र टिनका छाना हाली पूजापाठ गर्दै आएकोमा १० वर्ष पहिले गाउँबासीको सहयोगमा पक्की दिवाल दिई टिनका छाना हालेर पूजापाठ गर्दै आएका छौ ।

ग्रामथानमा गाउँबासीको सहयोगमा पाठा, पाठी, चल्ला, अण्डा, मिठाई, खीर, पुडी लगायत पूजाको सामग्री लिएर पुजारी सोलाल राजवंशीले पूजापाठ गर्दै आएका छन् । हाल कृष्णबहादुर राजवंशीको अध्यक्षतामा गेट निर्माण कार्य भइरहेको छ ।

# सुनसरी, मोरङ र झापाबाट ९ पक्राउ

विराटनगर । झापा, मोरंग र सुनसरी जिल्लाबाट लागु औषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

चैत २७ गते जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट ईनरुवा बसपार्कबाट खटिएको प्रहरी टोलीले ईटहरी- १६ का २४ बर्षीय शुसान ठाकुरलाई १ ग्राम ९७० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

चैत २५ गते झापाको कन्काई नगरपालिका-३ स्थितबाट चेकजाँचको क्रममा इलाका प्रहरी कार्यालय सुरुङगाले ६ ग्राम ६८० मिलिग्राम ब्राउन सुगर सहित शिवसताक्षि नगरपालिका-१० का प्रदिप तामाङ, दमक- १ का विक्रम ढकाल र इलाम माईजोगमाई गाउँपालिका-५ की मेरी राईलाई नियन्त्रणमा लिएको थियो ।

चेकजाँचकै क्रममा मेचीनगर नगरपालिका-६ बाट लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाले मेचीनगर-९ का आरएन राईलाई १ ग्राम ६८० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो । त्यसै गरी मोरङको इलाका प्रहरी कार्यालय उर्लाबारीले उर्लाबारी नगर पालिका-२ का बिनोद मगरलाई ८७० मिलिग्राम ब्राउन सुगर र चरेस १ ग्राम ३० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

त्यसैगरी चैत २४ गते झापाको मेचीनगर नगर पालिका-६ स्थितमा लागू औषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा पैदल यात्री कमल गाउँपालिका-६ का २४ बर्षीय नवराज भट्टराईलाई ६ ग्राम ७५० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको छ भने जिल्ला प्रहरी कार्यालय सुनसरीले इनरुवा नगरपालिका-४ बाट को. ३९ प ५९३७ नम्बरको स्कुटरमा सवार धरान-१७ का असिम राई र चिरञ्जिवी राईलाई ३ ग्राम ८०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरको थियो । पक्राउ परेका उनिहरुको थप अनुसन्धान सम्वन्धित प्रहरी कार्यालयवाट भईरहेको प्रहरीले जनाएको छ ।

# लागुऔषध दुर्व्यसन न्यूनिकरण सम्बन्धि सचेतना

उदयपुर । जिल्ला प्रहरी कार्यालय उदयपुरको आयोजना मा बेलका नगरपालिका वडा नं. ८ कोठुस्थितमा नागरिक सुनुवाइ कार्यक्रम तथा लागू औषध दुर्व्यसन न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मराज जोशी, सहायक प्रमुख जिल्ला अधिकारी विक्रम प्रसाद पाण्डेय, जिल्ला प्रहरी कार्यालय उदयपुरका कार्यालय प्रमुख प्रहरी उपरीक्षक राजन चापागाईं लगायत जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू तथा स्थानीय बासिन्दा समेत गरी करिब ७० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्थानीय स्तरमा शान्ति-सुरक्षा सुदृढीकरण, लागू औषध दुर्व्यसन नियन्त्रण तथा समाजमा देखिएका विभिन्न समस्या सम्बन्धमा सहभागीहरू बाट जिज्ञासा, गुनासा तथा सुझावहरू राखिएका थिए ।

नागरिक र सुरक्षा निकाय बीच आपसी सहकार्य अभिवृद्धि गर्ने, लागू औषध दुर्व्यसनबाट समाजलाई जोगाउन जनचेतना अभिवृद्धि गर्ने तथा स्थानीय स्तरमा देखिएका समस्या समाधानका उपायहरू पहिचान गर्ने उद्देश्यका साथ आयोजना गरिएको उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मराज जोशी र जिल्ला प्रहरी कार्यालय उदयपुरका कार्यालय प्रमुख प्रहरी उपरीक्षक राजन चापागाईले सहजीकरण गरेको थियो ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# डाक्टरलाई तर्साएर स्वास्थ्य क्षेत्र सुधार हुँदैन

डा. हिमलाल भण्डारी

एकजना चिकित्सक जो सरकारी सेवामा कार्यरत हुनुहुन्छ। उहाँको घर जनकपुर हो। तर, नेपाल सरकारले उहाँको पदस्थापना पोखरा गरिदिएको छ। घरमा बुढी हजुरआमा पक्षघातले थलिएर ओछ्यानमा पर्नुभएको छ। बुढा भइसकेका बा-आमा दुवैजना सुगर र प्रेसरका रोगी, भाइ वैदेशिक रोजगारमा विदेश! उहाँले हारगुहार गरेर कामकाज मिलाएर जनकपुरमै काम गर्दै सामाजिक र पारिवारिक जिम्मेवारी निभाउँदै गर्दा नयाँ परिवर्तित जनताको सरकारले सुशासनको नारासहित पहिलो निर्णय गर्छः उहाँको काज फिर्ता !

सप्तरीस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा विशेषज्ञ अभावमा सेवा सञ्चालनमा कठिनाइ भनेर समाचार पढ्दै गर्दा सप्तरी घर भए पनि सुर्खेतमा खटाइनु भएका मेरा एकजना आदरणीय गुरु जो सिनियर विशेषज्ञ हुनुहुन्छ, उहाँको याद आयो। अर्को चिकित्सक नेपाल सरकार अन्तर्गत बुटवलको स्थायी बासिन्दा, वीरगन्जमा पदस्थापना गरिदिएको छ। छोराछोरी सानै छन्, वृद्ध बा-आमा छोरा-बुहारीको साथमा खुसी र सुखी हुनुहुन्छ, श्रीमतीको रोजगार यतै छ। उहाँमाथि पनि सुशासनको डन्डा चल्छ।

यी प्रतिनिधि घटनाहरू हुन्! आफ्नै समाज, आफ्ना वृद्ध बुबाआमासँगै बसेर देश, परिवार र समाजको सेवा गर्ने हुटहुटी बोकेर विदेशको लोभलाग्दो सुविधा र जीवनस्तरको सोच त्यागेर सरकारी सेवामा रहेका चिकित्सकहरूलाई महिनाको ५०-६० हजार तलब दिएर यसैगरी घर-परिवार र समाजबाट छुट्याएर देश भित्रै एकल बाँच्न विवश यी आवाजहरू निरीह छन्।

अब तपाईंहरू मलाई भन्नुहुनेछ- नेपाल सरकारको नुन खाएपछि नुनको सोझो गर्नुपर्छ। जनताको कर र पसिनाको कमाइमा परिवारसँगै बसेर मोज गर्न कहाँ पाइयो र? खुरुखुरु राज्यले खटाएको ठाउँमा जाने हो नि। नसके जागिर छोड्ने हो। अझै एक कदम अगाडि बढेर मिडियाले सनसनीपूर्ण हेडलाइन बनाउँछः 'वर्षौंदेखि राजनीतिक शक्ति केन्द्रको आशीर्वाद पाएर सुगममा रजगज गरिरहेका चिकित्सकलाई सरकारले काज फिर्ता गरेर ठीक गर्‍यो, यस्तो पो हुन्छ सुशासन भनेको।'

एक कदम अगाडि बढेर अर्को मिडियाले लेख्छ- सरकारी डाक्टर सबैजना सुगम नै रोज्छन्, सबैजना काठमाडौँमा नै बस्न खोज्छन्। वर्षौंदेखि शक्तिकेन्द्र रिझाएर काठमाडौँमै रजगज गर्ने चिकित्सकहरू आफ्नो व्यक्तिगत स्वार्थ र फाइदाको लागि राज्यको स्रोत साधन र शक्ति दोहनमा लागेका छन्। दुरदराज र देशका कुनाकुनामा नागरिकहरू आधारभूत स्वास्थ्य सेवा नपाएर दिनदिनै अकालमा मर्न विवश छन्, यस्तो बेलामा सरकारी चिकित्सकलाई काज फिर्ता गरेर ठीक गर्‍यो बालेन सरकार, स्याबास !

तर समस्याको भित्री पाटो अर्कै छ।

जनकपुर र पोखरामा कुन दुर्गम? वीरगन्ज र बुटवल, सुर्खेत र सप्तरीमा कुन दुर्गम? सुगमको परिभाषा के हो तः भौगोलिक, पारिवारिक, सामाजिक कि मनो वैज्ञानिक सुगमता ?

मेरो एकजना सहकर्मी चिकित्सक साथी सरकारले जतिसुकै सुविधा दिए पनि काठमाडौँ जान्न भन्नुहुन्छ। उहाँको निम्ति काठमाडौँ दुर छ, दुर्गम छ।

चिकित्सा पेसा विश्वमै सम्मानित पेसा मध्ये एक हो। यस पेसामा प्रवेश गर्न मात्र पनि उच्च शैक्षिक क्षमता र लगनशीलता चाहिन्छ। +२ अध्ययन पछाडि पनि स्नातक तह (एमबीबीएस) को लागि मात्र ६ वर्षको अध्ययन, स्नातकोत्तर तहको निम्ति अतिरिक्त ४ वर्ष (कार्यानुभव सहित) अनि उच्च प्रतिस्पर्धात्मक प्रवेश परीक्षा, बिचमा दुईपल्ट लाइसेन्सिङ परीक्षा लगायत प्रत्येक वर्ष सम्बन्धित विश्व विद्यालयले लिने परीक्षाहरू पार गर्नुपर्छ। एउटा सामान्य नागरिकले विशेषज्ञता हासिल गर्दागर्दै ३५ वर्ष पुगिसक्छ। त्यतिबेला सम्म उसले कम्तीमा १ करोड रुपैयाँ लगानी गरिसकेको हुन्छ (स्मरण रहोस्, नेपाल सरकारले एमबीबीएसको लागि ४२-४७ लाख, एमडीको लागि २५ लाख र डीएमको लागि २५ लाख शुल्क नै तोकेको छ)। यसरी उच्च लगानी र लामो सिकाइ प्रक्रियाबाट तयार भएको जनशक्तिलाई अन्य निजामती कर्मचारी बराबर सुविधा दिनु कसरी न्यायसङ्गत हुन्छ र ?

प्रिय बालेन सरकार, अस्पताल भनेको ईँटा, सिमेन्ट र बालुवाको थुप्रो होइन नि। अस्पताल त त्यही भित्र काम गर्ने स्वास्थ्यकर्मीको विज्ञता र पसिनाको उपज, एउटा सुन्दर मानवीय जीवन बचाउने मन्दिर हो। अस्पताल त्यतिबेला मात्र सुन्दर बन्छ जतिबेला त्यहाँ काम गर्ने जनशक्ति सुखी र खुसी हुन्छन्। मानव संसाधन भनेको अत्यन्त संवेदनशील शक्ति हो जसको उत्साहले मात्र पनि समग्र अस्पतालकै मुहार फेरिन्छ भने उसले काम नगर्दा भद्रगोलको अवस्था सिर्जना हुन्छ, जुन अहिले अधिकांश अस्पतालमा देखिएको छ। मानिसको रोगलाई निको पार्ने र जीवन बचाउने जस्तो संवेदनशील पेसा, यो संवेदनशीलतासँग जोडिएको शारीरिक र मानसिक थकान, अनि काम गर्ने वातावरण नै रोग र शोकले भरिएको निन्याउरो अस्पताल; चिकित्सक आफैँलाई हुने संक्रमणको उच्च जोखिम र अन्य रसायन तथा रेडिएसनसँग प्रत्यक्ष सम्पर्क हुने हुँदा चिकित्सकहरू सधैँ एकदम जोखिमयुक्त अवस्थामा हुन्छन्।

यही जोखिम र कामको विशेषज्ञता एवं पेसागत जोखिम हेरेर नै विश्वका अन्य देशहरूमा उत्कृष्ट तलब, संस्थागत जीवन बीमा, कर छुट, आवास सुविधा, सवारी करमा छुट, सहुलियत कर्जा लगायत विभिन्न अतिरिक्त सुविधाहरू सुनिश्चित गरिएको हुन्छ। तर त्यसको ठिक विपरीत हाम्रो देशमा चिकित्सकको कामलाई समग्र निजामती कर्मचारी सरह व्यवहार गरिनु, महिनाको ५०-६० हजार तलब दिएर २४सै घण्टा अस्पतालमा खटियोस् भन्ने अपेक्षा गर्नु र समग्र स्वास्थ्य प्रणाली फेल हुनुको कारक चिकित्सक नै हुन् भन्ने भाष्य निर्माण गर्दै अधिकांश मिडिया र जुन सरकार आए पनि पहिलो डन्डा चिकित्सकमाथि चलाउनु एकदमै खेदजनक छ।

प्रिय बालेन सरकार, जनताको बलियो जनमतसहित आम देशवासीको सपना र भरोसाको केन्द्र तिमीलाई फेल हुने छुट छैन। तसर्थ, कुनै पनि समस्याको समाधान भावावेगमा सनसनीपूर्ण बनाउने भन्दा पनि समस्याको जरो नै उखेल्नु तिम्रो कर्तव्य हो। आज देशमा हजारौँ मान्छे गरिबीकै कारण, केवल पैसा नभएर अस्पताल पुग्ने गाडी भाडासम्म नभएर घरमै रोगले थलिएर मर्न विवश छन्। कति बिरामीहरू अस्पताल पुगे पनि महँगो उपचार खर्च र सरकारी अस्पतालको झन्झटिलो व्यवस्थापकीय कमजोरीले अकालमा मृत्युवरण गर्न बाध्य छन्। सरकारी अस्पतालमा बिहान गएको बिरामी दिनभरि विभिन्न लाइनमा बस्दा-बस्दै थकित भएर प्राइभेट अस्पतालमा महँगो उपचार गर्न बाध्य छ। वर्षेनी स्वास्थ्यमा हुने आकस्मिक खर्चको कारण १-२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि धकेलिएको छ। उता सेवा प्रदायक चिकित्सकहरू पनि यो देशमा खुसी छैनन्।

वर्षेनी करिब २५०० एमबीबीएस डाक्टर थपिँदै गर्दा त्यति नै सङ्ख्यामा विदेश जानको लागि नो अब्जेक्सन लेटर लिने क्रम बढ्दो छ। काउन्सिलमा दर्ता भएका ४५,००० डाक्टरमध्ये करिब एक तिहाइ अर्थात् १५,००० डाक्टर नेपाल भित्रै सेवारत रहे तापनि आज दुरदराजमा नेपाली जनताले डाक्टर देख्न पाएका छैनन्। सरकारी सेवामा त झन् २०४८/४९ को दरबन्दीमा करिब १५००-२००० डाक्टर मात्र कार्यरत छन्। राज्यले आवश्यक दरबन्दी नखुलाउनु, स्वास्थ्य मन्त्रालयले पारित गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारको जनशक्ति मागलाई अर्थ मन्त्रालयले 'पैसा छैन' भन्दै रोक्नु र सीमित जनशक्तिलाई जबर्जस्ती असीमित काम थुपार्नु भनेको सरकारले नै हलो अड्काउने र गोरु चुट्ने जस्तै त हो नि।

तसर्थ सरकारले साँच्चिकै स्वास्थ्य क्षेत्रमा देखिने गरेर सुधार गर्ने हो भने सुरुवातमा सरकारी अस्पतालमा लाइन घटाउनको निम्ति 'जेनरल प्राक्टिस'मा आधारित रिफरल सिस्टम लागू गर्नुपर्छ। एउटा स्थानीय तहमा कम्तिमा २ जना जिपी वा जिपी पर्याप्त उत्पादन नहुन्जेल एमबीबीएस पछि १/२ वर्ष विशेषज्ञको निगरानीमा बिरामी उपचारमा संलग्न मेडिकल अफिसरलाई सिनियर मेडिकल अधिकृतको पोस्टमा प्रत्येक स्थानीय निकायमा खटाउनुपर्छ। देशमा रहेका ठुला प्रादेशिक अस्पताललाई विशेषज्ञ सेवामा केन्द्रित गराई त्यहाँ कार्यरत विशेषज्ञलाई पनि चक्रीय पद्धतिमा स्थानीय निकायमा परिचालन गर्न सकिन्छ। उपयुक्त तलब लगायत जोखिम भत्ता, कर छुट, आवासको व्यवस्था लगायत स्थानीय भत्ता, दुर्गम भत्ता, कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिएर देशको कुनाकाप्चामा डाक्टरहरूलाई परिचालन गर्न सकिन्छ। यसो गर्‍यो भने मात्र पनि अहिले नै करिब २००० डाक्टरको दरबन्दी सिर्जना हुनेछ। स्थानीय तहबाट रिफरल बिना प्रादेशिक अस्पतालमा देखाउन नपाउने र प्रादेशिकको रिफरल बिना केन्द्रीय अस्पतालमा देखाउन नपाउने भयो भने सरकारी अस्पतालमा बिरामीको चाप व्यवस्थापन गर्न सकिन्छ।

राज्यले निरोधात्मक स्वास्थ्य सेवामा मात्र ध्यान केन्द्रित गर्दा रोग नै लाग्न नदिने र रोकथामको क्षेत्रमा अहिले धेरै काम गर्न बाँकी छ। उपचारात्मक विधि आफैँमा महँगो पद्दति हो। सर्ने रोगको निम्ति खाद्य सुरक्षा र सरसफाइमा जनसङ्ख्यालाई सुसूचित गराउने, रक्सी-चुरोट सेवनका हानिकारक बेफाइदाहरू लगायत दैनिक कसरत गर्ने जीवनशैली प्रोत्साहन गरी नसर्ने रोगको महामारी कम गर्न कम्तिमा हरेक स्थानीय तहमा सामुदायिक स्वास्थ्य विज्ञहरूको नियुक्ति र परिचालन गरिनुपर्छ। जनस्वास्थ्य अधिकृतहरूको रोहबरमा विभिन्न चेतनामूलक कार्यक्रम र नसर्ने रोगको स्क्रिनिङ हेल्थ क्याम्प लगायतका कार्यक्रमले मात्र पनि राज्यको स्वास्थ्य क्षेत्रमा हुने ठुलो लगानी घटाउन मद्दत गर्छ।

प्रिय बालेन सरकार, आज देशका सरकारी अस्पतालमा सबैभन्दा बढी जनताले अकालमा मृत्युवरण गर्ने प्रमुख कारण भनेको जनतासँग पैसा नभएर हो। राज्यले फ्रीमा डायलासिस सेवा दिने भन्छ तर बिरामीहरू एउटा डायलासिस क्याथेटर (जसको मूल्य ४०००-८००० पर्छ र यो बीमाले दिँदैन) किन्न नसकेर मरिरहेका छन्। स्वास्थ्य बीमा राम्रो कार्यक्रम भए तापनि यसमा भएका व्यवस्थापकीय जटिलता र झन्झटिलो प्रक्रियाले धेरै जनसङ्ख्याले यसको फाइदा लिन सकेको छैन। सरकारी अस्पतालमा व्यवस्थापकीय कमजोरी र सुपरभिजनको कमीले गर्दा जनशक्तिले राम्रोसँग काम गरिरहेको छैन। भएका सीमित जनशक्तिलाई पनि हिजोको फोहोर राजनीति र कुनै एउटा सन्की प्रशासकको आवेशमा कर्मचारी परिचालन कार्यविधि लत्याएर जथाभाबी पदस्थापना गरिदिँदा जनशक्ति काम गर्न उत्साहित छैन। जहाँ स्रोत र साधन छ, त्यहाँ जनशक्ति छैन; जहाँ जनशक्ति छ, त्यहाँ स्रोत साधन नै छैन।

आफ्नै देश भित्र सीमित तलबमा काम गर्न पनि तयार भएको जनशक्तिलाई कम्तीमा आफ्नो परिवारसँगै बसेर काम गर्न पाउनु आधारभूत मानवअधिकार पनि हो। जबसम्म हामीले जनशक्तिलाई इमानदार भएर काम गर्ने उत्साह जगाउन सक्दैनौँ, तबसम्म ड्युटी आवर ६-६ गरे पनि सेवा प्रवाहमा तात्विक भिन्नता आउँदैन। तसर्थ, सम्पूर्ण काजमा रहेका चिकित्सकलाई एकपल्ट पदस्थापना वा सरुवा पूर्व कहाँ जान चाहेको हो र त्यसको पछाडिको विशिष्ट कारण के हो भन्ने खोजी गरी वैज्ञानिक रूपमा व्यवस्थापन गर्नुपर्छ। सरकारी सेवा अन्तर्गतका सबै खाले चिकित्सकलाई (स्थायी, प्रदेश करार, समिति करार, दैनिक ज्यालादारी) समान सेवा सुविधासहित आन्तरिक व्यवस्थापन चुस्तदुरुस्त बनाउने र राज्यले सेवा सुविधा बढाएर 'एक स्वास्थ्य संस्था, एक चिकित्सक'को अवधारणालाई कार्यान्वयन गर्नुपर्छ। सरकार, फेरि पनि भन्छु- डाक्टरलाई तर्साएर स्वास्थ्य क्षेत्रको सुधार हुँदैन। (कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट डा. भण्डारी लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा कार्यरत छन्।)स्वास्थ्य खबरबाट

# बाँतर समाजद्वारा पाँच सम्मानित



विराटनगर। कल्याणकारी केन्द्रीय कार्य समिति मोरङले भोला पासवानसहित पाँच जनालाई सम्मान गरेको छ। सप्तरी जिल्ला स्थित कञ्चनरुप नगरपालिका(८ मा दलित सरोकार मञ्च नेपालको सभाहलमा नेपाल बाँतर सरदार समाज कल्याणकारी केन्द्रीय कार्य समितिको तेस्रो बैठकले उनीहरुलाई सम्मान गरेको थियो।

बाँतर सरदार समुदायका कुल देवता गेड बाबा मन्दिर एवं सामुदायिक भवन निर्माणका लागि जग्गा दान गर्ने कञ्चनरुप नगरपालिका(१२ का सनुप सरदार, चनर सरदार, हरि सरदार र कञ्चनरुप(९ का अनुप सरदार सहित समाजसेवी पासवानलाई सम्मान गरेको समितिका केन्द्रीय सभापति मखनलाल सरदारले जानकारी दिए। जग्गा दाताहरुले जनही १०/१० धुर जग्गा बाँतर जातीको संस्थाको नाममा दुई कट्ठा जग्गा रजिष्ट्रूशन पास गर्ने तयारी भईरहेको उहाँले जानकारी गराए।

त्यसैगरी, २०८१ बैशाख ९ गते आईतवार दिउँसो भएको आगलागीले बाँतर समुदायका घर जलेर नष्ट भएको थियो। बाँतर वस्तीमा राहातका सामग्री लिएर सयौं मनकारीहरु दिनुहुँ जसो पुग्ने गरेको भएपनि घर निर्माण तर्फ कसैको ध्यान केन्द्रीत नभएको जनगुनासो आएपछि मनकारी सहयोगी समाजसेवी पासवानले कञ्चनरुप(५ पडेमाराका १६ घर तथा वडा नं.६ का एक घरमा आगलागी बाट भएको क्षतिपछि पीडित सरदार परिवारका लागि घर तथा एक सामुदायिक भवन निर्माणमा सहयोग पुर्याएको भन्दै उहाँलाई बाँतर समाजले सम्मान गरिएको समितिले जनाएको छ।

सम्मानित सवैजनालाई समितिका सभापति सरदार सहित सह(अध्यक्ष सुभाष सरदार, वरिष्ठ उपाध्यक्ष चन्देश्वर सरदार, उपाध्यक्ष दिलिप सरदार, महासचिव पदमकुमार सरदार, सचिव सोनेलाल सरदारलगायत केन्द्रीय समितिका केन्द्रीय सदस्यहरुले दोसला र सम्मान पत्रले उनीहरुलाई सम्मान गर्नुभएको थियो।

# झापाबाट ब्राउन सुगर र विदेशी मुद्रा सहित दुई पक्राउ

विराटनगर। झापाको भद्रपुर नगरपालिका-४ डाँगीबारी स्थितबाट ठुलो परिमाणमा लागु औषध ब्राउन सुगर र विभिन्न देशका मुद्रासहित २ जनालाई पक्राउ गरिएको छ।

चैत २२ गते दिउँसो लागु औषधको कारोवार भइरहेको भन्ने विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका-४ स्थितमा संकास्पद अवस्थामा रहेका भद्रपुर-४ का ३० वर्षीय बब्लु मर्डी र बिर्तामोड नगरपालिका-१ का २७ वर्षीय अनमोल गजमेरलाई नियन्त्रणमा लिएको थियो।

चेकजाँचको क्रममा उनिहरुको साथबाट २१८ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर सहित नेपाली रुपैया ३ लाख २ सय ५०, अमेरिकी डलर ७५, भारतीय रुपैयाँ ५ सय ३०, पाकिस्तानी रुपैयाँ ५० र अस्ट्रेलियन डलर ५ बरामद भएको थियो।

चेकजाँचकै क्रममा इलाका प्रहरी कार्यालय अनारमनीले कन्काई नगरपालिका-९ का देवुलाल राजबंशी, प्रमोद मल्लिक र श्याम चौधरीलाई १ ग्राम ७५० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको छ। लागू औषध सहित पक्राउ परेका उनिहरुको आवश्यक कानूनी कारवाही तथा थप अनुसन्धान भईरहेको छ।



## स्वार्थको...

साथ दिईराष्ट्रिय सभामा सामूहिक संशोधन प्रस्तावराख्नुले नेपालमा स्वार्थको द्वन्द्वले कतिसम्म जरा गाडेको छ भन्ने स्पष्ट हुन्छ ।

### स्वार्थको द्वन्द्व ऐनको अपरिहार्यता

नेपालमा स्वार्थको द्वन्द्वलाई सम्बोधन गर्ने कुनै एकीकृतर प्रभावकारी कानुन नहुनु नै भ्रष्टाचारको मुख्य जड बनेको छ। अहिलेको अवस्थामा ’स्वार्थको द्वन्द्व’ केवल नैतिक प्रश्नमा सीमित छ। जबसम्म यसलाई कानुनी अपराधका रूपमा परिभाषित गर्न सकिँदैन, तबसम्म देशमा सुशासनको तगारोका रूपमारहिरहन्छ ।

अब अन्तर्राष्ट्रिय सन्धिर नेपालको प्रतिबद्धताको कुरा गरौं ।

नेपालले सन् २०११ मा ’भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि’ (अनक्याक) अनुमोदन गरेको हो। यस महासन्धिका धारा ७ मा सार्वजनिक पदाधिकारीहरूका लागि स्वार्थको द्वन्द्व पहिचान गर्नेर त्यसलाई व्यवस्थापन गर्ने प्रणाली स्थापना गर्नुपर्ने व्यवस्था छ ।

यसैगरी धारा ८ मा सार्वजनिक अधिकारीहरूका लागि आचारसंहिता निर्माण गरी उनीहरूको निजी स्वार्थर सार्वजनिक कर्तव्यबीचको द्वन्द्वलाई रोक्न कडा प्रावधानराख्नुपर्ने उल्लेख छ ।

महासन्धिका प्रावधानहरूको पालना नगर्दा हामी अन्तर्राष्ट्रिय मञ्च मा गरेको प्रतिबद्धताबाट पछि हट्नु हो । यसको परिणाम स्वरूप हामी सुशासनको सूचकांकको स्तरमा माथि उक्लिनुको सट्टा निरन्तर खस्किँदै गइरहेका छौं ।

विकसित देशहरूको समूह ओइसिडीले सन् २००३ मा जारी गरेको निर्देशिकालाई विश्वकै उत्कृष्ट ’बेन्च मार्क’ मानिन्छ । यसका चार मुख्य स्तम्भ छन् ।

पहिलो, निर्णय गर्दा व्यक्तिगत लाभभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिने भनेर सार्वजनिक हितको संरक्षणलाई बढावा दिएको छ ।

दोस्रो, पदाधिकारीका सबै निजी स्वार्थहरू सार्वजनिक रूपमा जाँच गर्न सकिने व्यवस्था गरी पारदर्शितार निगरानीको ग्यारेन्टी हुनुपर्ने भनिएको छ ।

तेस्रो, यसमा व्यक्तिगत जिम्मेवारीकै कुरा पनि उठाइएको छ । स्वार्थ बाझिएको अवस्थामा आफैले जानकारी दिनेर निर्णय प्रक्रियाबाट अलग हुने जिम्मेवारी पदाधिकारीकै हुने भनिएको छ ।

चौथो, सांस्कृतिक सुधारको कुरा गर्दा संगठनभित्र यस्तो संस्कृति विकास गर्ने, जहाँ स्वार्थको द्वन्द्वलाई ’नराम्रो’ कामको रूपमा हेरियोस् भनिएको छ ।

स्वार्थको द्वन्द्वमा महत्त्वपूर्ण मानिएको ’कुलिङ अफ पिरियड’ को विश्वव्यापी अभ्यास हेर्दा पदबाट हटेपछि निजी क्षेत्रमा जान लगाइने बन्देजमा, क्यानडामा मन्त्रीहरूका लागि ५ वर्षर उच्च अधिकारीहरूका लागि १ देखि २ वर्षको कुलिङ पिरियड छ भने अमेरिकामा ’रिभल्भिङ डोर’रोक्न पूर्वसरकारी अधिकारीहरू लाई निश्चित समयसम्म पुरानो मन्त्रालयमा लबिङ गर्न वा ठेक्का पट्टामा संलग्न हुन कडा प्रतिबन्ध लगाइएको छ ।

सुशासनका लागि उत्कृष्ट मानिएका युरोपेली देशहरू नर्वे, फ्रान्सर बेलायतमा १२ देखि २४ महिनासम्मको अनिवार्य कुलिङ पिरियड पालना गरिने अभ्यासहरू देखिन्छ ।

### कानुनी रूपमा हामी कहाँ छौं?

अख्तियार दुरूपयोग अनुसन्धान आयोगर कानुन मन्त्रालयले केही समय अगाडि तयार पारेको स्वार्थको द्वन्द्व सम्बन्धी कानुनको प्रारम्भिक मस्यौदा विधेयकको रूपमा तयार भएर सदनमै थन्किएको स्थिति छ ।

यस विधेयकले भ्रष्टाचारको परिभाषामा विस्तार गरी आफ्नो नातेदार, व्यावसायिक साझेदार वा हितैषीलाई आर्थिक वा अन्य कुनै पनि लाभ पुग्ने गरी निर्णय गरेमा त्यसलाई सोझै ’भ्रष्टाचार’ को कसुर मानेको छ ।

यसै गरी हाल प्रचलनमा रहेको ’भ्रष्टाचार निवारण ऐन, २०५९’ बमोजिम हुने सजायमा थप ३ वर्ष कैदर ३० हजार रूपैयाँ जरिवाना हुने गरी दोब्बर सजायको व्यवस्था गरिएको छ। यसको अर्थ, स्वार्थ बाझिएर गरिने भ्रष्टाचारलाई सामान्य भ्रष्टाचारभन्दा बढी गम्भीर रूपमा हेरिनेछ ।

महत्त्वपूर्ण कुरा त सार्वजनिक पदमा बस्ने व्यक्तिले आफ्नोर परिवार को सेयर, लगानीर व्यावसायिक संलग्नता पदभार ग्रहण गर्नुअघि नै पारदर्शी रूपमा स्वघोषणा गर्नुपर्ने व्यवस्था उल्लेख छ ।

छुट्टै ऐन हुँदा कसले कुन अवस्थामा निर्णय प्रक्रियाबाट अलग हुनुपर्छ भन्ने स्पष्ट खाका कोरिन्छ। कानुनले स्वार्थ बाझिएर गरिएको निर्णय स्वत: बदर हुने कानुनी हैसियत दिएर जबाफदेहिता सुनिश्चित गर्छर, इमानदार कर्मचारीहरूलाई शक्तिशाली मान्छेको दबाबबाट जोगाउनर ’ह्विसल-ब्लोअर’ ( सूचना दिने व्यक्ति) लाई सुरक्षा दिएर सुरक्षा कवच प्रदान गर्छ ।

### नयाँ सरकारलाई सुझावहरू

नयाँ सरकारले शासकीय सुधारसम्बन्धी १०० कार्यसूची ल्याएर सुशासनमा असल सुरूआत गरेको छ। सरकार नेपाललाई यसै मेलोमा भ्रष्टाचारको दलदलबाट निकाल्न आतुर देखिन्छ ।

यस परिस्थितिमा ’स्वार्थको द्वन्द्व सम्बन्धी ऐन’ अबरोजाइ नभई अपरिहार्य देखिन्छ। विधेयकको मस्यौदा तयार भएको स्थितिमा स्वार्थको द्वन्द्व सम्बन्धी ऐन ल्याउने प्रतिबद्धता आउन सके नयाँ सरकारको अर्को लोकप्रिय कदम हुन सक्छ ।

यदि यो सरकारले सुशासनको नारा व्यवहारमा उतार्ने हो भने, यो विधेयकलाई पहिलो प्राथमिकतामा राखेर पारित गर्नुको विकल्प छैन ।

यसका लागि तलका पाँच संरचनागत सुधारको श्रीगणेश गरेर सरकारले भ्रष्टाचार विरूद्धको आशा सञ्चार गरोस् ।

पहिलो, स्वार्थको द्वन्द्व सम्बन्धी छुट्टैर शक्तिशाली कानुन बिलम्ब नगरी आगामी संसदको वर्षे सत्रबाटै तत्काल पारित गरियोस् ।

दोस्रो, सार्वजनिक पद धारण गर्ने प्रत्येक व्यक्तिले नियुक्ति हुनुअघिर कुनै पनि महत्त्वपूर्ण निर्णय प्रक्रियामा सहभागी हुनुअघि आफ्नो व्यावसायिकर पारिवारिक स्वार्थको लिखित स्वघोषणा गर्नुपर्ने व्यवस्था गरियोस् । त्यस कामको सु मन्त्रिपरिषद्का सदस्यहरूबाटै गरियोस् ।

तेस्रो, यदि कुनै विषयमा स्वार्थ बाझिन्छ भने त्यो व्यक्तिले निर्णय प्रक्रियाबाट अनिवार्य रूपमा अलग हुनुपर्नेर त्यस कोरेकर्डराख्नुपर्ने अनिवार्य व्यवस्था गरियोस् ।

चौथो,राजनीतिकर प्रशासनिक नियुक्तिहरूको जाँचबुझ गर्न एउटा स्वतन्त्र उच्चस्तरीय नैतिकता आयोग गठन गरियोस् ।

पाँचौं, अवकाश प्राप्त उच्च कर्मचारीहरूलाई कम्तीमा ३ वर्षसम्म निजी क्षेत्रमा परामर्शदाता हुनरोक लगाइयोस्र पहुँचमा नियन्त्रण होस् ।

देशमा सुशासन कायम गर्नेर भ्रष्टाचार न्यूनीकरण गर्ने प्रतिबद्धता सहित जनताको ठूलो विश्वास जितेर करिब दुई-तिहाइ मत प्राप्त गरी शानदार विजय हासिल गरेको बालेन शाह सरकारले सुरूआती दिनहरूमा जुन आशार उत्साह जगाएको छ, त्यो सुशासनको दिशामा एउटा ऐतिहासिक सुरूआत हो भन्न कञ्जुस्याइँ गर्न हुँदैन ।

तर सुशासनको जग भ्रष्टाचारमुक्त प्रशासनर पारदर्शी निर्णय प्रक्रियामा मात्र टिक्दैन, यसको अर्को महत्त्वपूर्ण आधार ’स्वार्थको द्वन्द्व’ संस्थागत रूपमारोक्ने बलियो कानुनी व्यवस्था गर्नु अपरिहार्य छ ।

निजी स्वार्थर सार्वजनिक दायित्व बीचको सीमारेखा स्पष्ट पार्ने यस्तो ऐन नै सुशासनको संरचनागत सुदृढीकरणको मुख्य जग हो। यसले पदाधिकारीहरूको निर्णयमा पारदर्शिता ल्याउने, नैतिक मूल्यमान्यता स्थापित गर्नेर भ्रष्टाचार कम गर्न दीर्घकालीन प्रभाव राख्छ ।

त्यसैले, सुरूआती चरणमा देखिएको सकारात्मक ऊर्जालाई निरन्तरता दिँदै अब सरकारले स्वार्थको द्वन्द्व सम्बन्धी ऐन ल्याएर अर्को ठोसर दूरगामी कदम चाल्नुपर्छ। यसका साथै, भ्रष्टाचार न्यूनीकरणमा दीर्घकालीन प्रभाव पार्ने गतिविधिहरू, जस्तै सार्वजनिक खरिद प्रणालीलाई थप पारदर्शी बनाउने, सूचनाको हक प्रभावकारी कार्यान्वयन गर्ने,र भ्रष्टाचार नियन्त्रण निकायहरू लाई पूर्ण स्वायत्तता दिने जस्ता विषयलाई निरन्तर अघि बढाउँदै जानुपर्छ । त्यसो गर्न सके मात्र जनतामा सिर्जित विश्वास थप सशक्त हुनेछर सुशासनको स्थायित्व सुनिश्चित हुनेछ ।

## अधिकार रक्षकहरुको भूमिका सशक्त हुनुपर्नेमा जोड



विराटनगर । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कोशी प्रदेशका संयोजक मनोहर पोखरेलले समाजमा विभेदका घटना कायम रहेकाले मानव अधिकार रक्षकहरुको भूमिका सशक्त हुनुपर्नेमा जोड दिएका छन् ।

इन्सेक र दलित महिला संघ (फेडो)को आयोजनामा विराटनगरमा शनिबार आयोजित “दलितमाथि विभेदको अवस्था र मानव अधिकार रक्षक सञ्जालको भूमिका“ विषयक कार्यक्रममा पोखरेलले समाजमा विभेदका घटनाहरु रहेसम्म मानवअधिकार हननका घटना हुने भएकाले मानव अधिकार रक्षकको भूमिका सशक्त हुनपर्नेमा जोड दिएको हो ।

राष्ट्रिय जनगणनाको तथ्याङ्क विश्लेषणले देखाएको जातिभेद, लिङ्गभेदको सवाल साझा विषय भएकोले मानव अधिकार रक्षकहरुले राज्यलाई कानुन र नीति निर्माण गर्न, बजेटको व्यवस्था गर्न, स्पष्ट संरचना र समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न पहल गर्नुपर्ने पोखरेलले जोड दिएका थिए ।

फेडोका कार्यक्रम संयोजक नरबहादुर आउजीले असमानता र विभेद बढी भए समृद्धि र विकासको गति कमजोर हुने वताउँदै राष्ट्रिय जनगणना २०७८ का आधारमा आर्थिक, सामाजिक र जनसाङ्ख्यिक अवस्थाको तुलनात्मक विश्ले-षण गर्नुहुँदै आउजीले निश्चित समुदाय पछाडि रहेकाले समग्र मुलुक र अन्य समुदायको प्रगति र समृद्धिको यात्रा पनि प्रभावित बनेको वताए ।

इन्सेक कोशी प्रदेशका संयोजक मनोहर पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा कोशी प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जालका संयोजक देबी बास्कोटाले कार्यक्रमको उद्देश्य र औचित्य माथि प्रकाश पानुभएको थियो । फेडो मोरङका अध्यक्ष शर्मिला परियारले स्वागत गर्नुभएको कार्यक्रममा सञ्जालका पदाधि- कारी सदिस्यहरुको सहभागिता रहेको थियो ।

## स्तरोन्नति तालिम सम्पनन

विराटनगर । मोरङ उद्योग व्यापार संघ र ईन्स्योर परियोजनाको सहकार्य तथा हेल्भेटास नेपालको प्राविधिक सहयोगमागत चैत्र १ गते देखि संघमा सञ्चालन गरिएको ‘हिटिङ, भेन्टीलेसन, एसी प्रणाली लगायत २४ दिने सीप स्तरोन्नतितालिम सफलतापूर्वक सम्पन्न भएको छ ।

औद्योगिक क्षेत्रमाकार्यरत प्राविधिक जनशक्तिको सीप अभिवृद्धि गरी उत्पादनक्षमता वृद्धि तथा उद्योग हरुको समग्र कार्यक्षमता सुदृढ बनाउने मुख्य उद्देश्यका साथ संघका का.का. सदस्य अमित राठीको संयोजकत्वमा मोरङ-सुनसरी औद्योगिककरिडोरमा कार्यरत मेकानिकल क्षेत्रका श्रमिकहरु लाई लक्षित गरी २०८२ चैत १ गतेदेखि चैत २४ गतेसम्म संघमा उक्ततालिम सञ्चालन

बांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी
डिभिजन वन कार्यालय, मोरङको अत्यन्त जरुरी सूचना !
वनजङ्गल र वन्यजन्तुहरूको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनै पनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन। वन्यजन्तुलाई कुनै पनि तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्ने प्रयत्न गर्ने, तिनको शरीरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने, वा तिनको अण्डा/गुँड झिक्ने, नष्ट गर्ने वा खलवल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद-बिक्री गर्नु/गराउनु दण्डनीय अपराध हो। यस्तो कार्य गर्ने व्यक्तिलाई ५ लाख रुपैयाँदेखि १० लाख रुपैयाँसम्म जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।
डिभिजन वन कार्यालय, मोरङ